# सार्वजनिक सुनुवाईको प्रतिबेदन




मिति : २०७८।४।२७

स्थान : जिल्ला समन्वय समितिको प्राङ्गण

समय : बिहान ११ वजेबाट

सहभागी संख्या : ३७८ जना कार्यक्रममा उपस्थित

कार्यक्रम सञ्चालन अबधि : पाँच घण्टा,

सुनुवाई सञ्चालनका नियमहरु

- प्रश्ना सिधा र उत्तर आउने खालको हुनुपर्ने,

- प्रश्नाकर्ताले पालैपालो आफ्नो परिचय सहित सोध्नु पर्ने,
- कसै प्रति ब्यक्तिगत आक्षेप लगाउन नपाईने,
- प्रश्नामा गाली गलौज गर्ज नपाईने,
- सिधै दोष लगाउन पाउने गरि प्रश्ना सोध्न नपाईने,
- प्रश्नाहरु सत्य, तत्थ्य र प्रमाणमा आधारित हुनुपर्ने,
- संस्थागत प्रतिकृया आउने खालको हुनुपर्ने,
- कोसंग लक्षित प्रश्ना हो एकिन हुनुपर्ने,
- गाउँपालिकाले सम्पादन गरेका कार्य प्रति प्रश्ना लक्षित हुनुपर्ने,




उद्धेश्य : सिमकोट गाउँपालिकाले आर्थिक वर्ष ०७८।०७९ मा सञ्चालन गरेका हरेक गतिबिधिहरुको सेवाग्राहीहरुलाई जानकारी गराउनु ।

**सुनुवाई कार्यक्रम सञ्चालन बिधि** :

- सेवाग्राहीको प्रत्यक्ष उपस्थितीमा सवाल जवाफ,
- दुई वडा रेडियोबाट प्रत्यक्ष प्रशारण,
- नेपाल चेक र नेपाल बोट अनलाईबाट फेसबुकबाट प्रत्यक्ष प्रशारण,

- प्रतिकृया एसएमएसबाट लिने गरिएको,
- सेवा प्रदायक निकायबाट जवाफ दिने,
- लेखेर प्रतिकृया दिने ब्यवस्था,

समय सिमा : प्रतिकृयाका लागि सहभागीहरुका लागि पाँच मिनेटको समय तोकिएको थियो ।



रोहवर : प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, समाजसेवी, सञ्चारकर्मी,

**कार्यक्रम सञ्चालन प्रकृया**

अनौपचारिक कार्यक्रम भएको कारण सिमकोट गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीयक अधिकृत र निवर्तमान उपाध्यक्षलाई प्रमुख जिम्मेवार ब्यक्तिका रुपमा राखिएको थियो ।




**कार्यक्रम सञ्चालन तालिका**

- गाउँपालिकाबाट आर्थिक २०७८।२०७९ मा सञ्चालन भएका गतिविधि प्रस्तुती,
- सेवाग्राहीका प्रतिकृया,
- सम्वन्धित ब्यक्तिबाट जवाफ,
- चित्त नबुझ्रेर सेवाग्राहीबाट पून सोध्न सकिने,
- त्यसको जवाफ पून जवाफ,
- क्रश प्रश्ना सोध्न सकिने,
- त्यसको पनि जवाफ दिनुपर्ने,




सुनुवाईमा प्रस्तुत भएका पक्षहरु

- चार सय भन्दा बढी सञ्चालन भएका कृयाक्लापहरुको प्रस्तुती,
- टुक्रे योजनालाई प्राथमिकता,
- सत्तरी हजार बजेट विनियोजित भएको योजना सञ्चालन,
- करिब आठ करोड बजेट फिर्ता,
- चार वटा योजना गाउँपालिकालाई थाहै नभई फिर्ता,
- गाउँपालिका अनुदानबाट ठुलो संख्यामा शिक्षक भर्ना,
- समयमै छात्रबृद्धि र खाजाको बजेट निकासा,
- स्वास्थ्यको पहुँच वस्ती स्तरमा,
- सुरक्षित खानेपानीको पहुँच बृद्धि
- मठ मन्दिर ( माडु ) लाई प्राथमिकता,
- मिलान कोषका लागि गाउँपालिकाले बजेट व्यवस्था गर्न नसक्नु,
- सडक निर्माणलाई प्राथमिकता,
- आन्तरिक श्रोतको कमी,
- कर असुलीका सुरुवात




सुनुवाईमा उठेका सवाल

- शिक्षा क्षेत्रलाई प्राथमिकता राख्न नसकिएको,
- टुक्रे योजनालाई प्राथमिकता दिन नहुँने,
- पहुँचका आधार योजना बाँडफाँड,
- खास सेवाग्राहीको उपस्थिती हुन नसकेको ,
- नमूना मावि भवन निर्माण कार्य नियम बिपरित,
- प्राथमिकताका आधारमा योजना छनौट हुन नकसकेको,
- साझेदार निकायसंग समन्वयको अभाव,
- आवाधिक योजना निर्माण नभएको ,
- राजस्व बृद्धिमा ध्यान दिन नसकेको,
- परनिर्भर बजेटको अवस्था,
- शिक्षक दरबन्दी मिलान हुन नसक्नुको कारण,
- अनुदानमा शिक्षक भर्दा कार्य बढी भएको,
- सेनिटरी प्याड कमसल,

- मेशिनहरु प्रयोग बिहीन,




सुनुवाईबाट आएका र बजेट तथा कार्यक्रमले ध्यान दिनु पर्ने पक्ष

- शिक्षा र स्वास्थ्यलाई भन्दा अन्य क्षेत्रलाई प्राथमिकता,
- टुक्रे योजनालाई निरुत्साही गर्नुपर्ने,
- समन्वय र सहकार्यलाई प्राथमिता दिनुपर्ने,
- दिगो बिकासलाई प्राथमिकता,
- आबश्यकतामा आधारित योजना निर्माण,
- गुणात्मक शिक्षालाई जोड,
- गुणस्तरीय स्वास्थ्यमा जोड,
- गुणस्तरीय दिर्घकालीन पुर्वाधार निर्माण जोड,
- अनाबश्यक कर्मचारी भर्ना गर्न नहुने,




## निष्कर्ष

तेस्रो पक्षबाट सिमकोट गाउँपालिकाले जसरी सार्वजनिक सुनुवाई गर्ने कार्य गरेको छ । यो पारदर्शीता र शुसासनका लागि एक महत्वपुर्ण कडीमा रुपमा लिन सकिन्छ । आफुले एक वर्षमा गरेका कार्यहरुको सेवाग्राहीहरुलाई जसरी सार्वजनिकीकरण गर्ने यो प्रयत्नले जिल्लाका अन्य सेवाप्रदायक निकायहरुलाई पनि यो कार्य गर्न झक्झक्याउने देखिन्छ । यो कार्यक्रममा आएका पक्षलाई गाउँपालिकाले राम्रोसंग ध्यान दिनेछ छ र सुधार गर्नुपर्ने पक्षलाई सुधारेर लिनेछ भन्ने बिस्वास गरिएको छ । अहिले उठेका कुरालाई नसुधारेमा यसरी गरिएको कार्यक्रमको औचित्य माथि नै प्रश्ना चिन्ह खडा हुनेछ । त्यसैले पहिलो पटक सिमकोट गाउँपालिकाले जसरी यो कार्यको थालनी गरेको छ । त्यसलाई सकरात्मक रुपमा लिदै यसले बिधिको शासन कार्य गर्न सहयोग पुग्ने निष्कर्ष निकाएको छ ।




सुनुवाईको प्रतिबेदन प्रस्तुतकर्ता

पत्रकार महासंघ

जिल्ला शाखा, हुम्ला

मिति : २०७९।४।३१ गते